दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक २२८ | बुटवल | २०८३ भदौ १४ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday August 30, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


### भोटेकोसी बाढीको बितण्डा :

# जलविद्युत् कर्मचारी र पर्यटक गरी १३ सय बढी सम्पर्कविहीन



**लुम्बिनी संवाददाता**

*बुटवल*

भोटेकोसी नदीमा आएको बाढीले रसुवा र नुवाकोटका जलविद्युत् आयोजनाहरुमा कार्यरत र विदेशी पर्यटक गरी १३ सय सय जनाभन्दा धेरै अझै सम्पर्कविहीन छन् । जल विद्युतमा कार्यरत मध्ये उद्धार टोलीले हालसम्म ३६१ जनाको उद्धार गरेको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले उपलब्ध गराएको विवरणअनुसार भोटेकोशी बाढीका कारण रसुवा र नुवाकोटका ११ वटा जलविद्युत् आयोजना प्रभावित भएका छन् । ती आयोजनामा अझै पनि ८९८ जना सम्पर्कविहीन छन् ।

उद्धार गरिएकामध्ये ठूलो संख्या माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाका कर्मचारी तथा श्रमिक रहेका छन् । २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ आयोजनाबाट मात्रै २५४ जनाको उद्धार गरिएको इप्पानले जनाएको छ ।

उक्त आयोजनाको सुरुङमा अझै करिब ३०० जना फसेको अनुमान छ । उनीहरूको उद्धारका लागि चीनबाट समेत विज्ञको टोली नेपाल आइपुगेको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले जनाएको छ ।

त्यस्तै, २० मेगावाटको लाङटाङ खोला जलविद्युत् आयोजनाबाट १८ जना र ३७ मेगावाटको माथिल्लो त्रिशूली-३ बी आयोजनाबाट ९१ जनाको जीवितै उद्धार गरिएको छ । यी आयोजनाबाट उद्धार गरिएका समेत गरी हालसम्म उद्धार हुनेको संख्या ३६१ पुगेको हो ।

इप्पानको विवरणअनुसार रसुवामा भोटेकोशी बाढीबाट सात वटा जलविद्युत् आयोजना प्रभावित भएका छन् । ती आयोजनामा २१६ मेगावाटको माथिल्लो त्रिशूली-१, १११ मेगावाटको रसुवागढी, १२० मेगावाटको रसुवा-भोटेकोशी, ६.४२ मेगावाटको माथिल्लो मैलुङ-ए, २० मेगावाटको लाङटाङ खोला, २२ मेगावाटको चिलिमे र ५ मेगावाटको मैलुङ खोला जलविद्युत् आयोजना छन् ।

यी आयोजनामा बाढीको प्रत्यक्ष प्रभाव परेपछि त्यहाँ कार्यरत जनशक्तिको अवस्थाबारे चासो बढेको छ । आयोजना क्षेत्रमा रहेका व्यक्तिसँग सम्पर्क स्थापित हुन नसक्दा उद्धार तथा खोजीलाई प्राथमिकता दिइएको छ । नुवाकोटतर्फ पनि बाढीले विभिन्न जलविद्युत् तथा ऊर्जा आयोजनामा असर पुऱ्याएको छ । इप्पानको विवरणमा त्रिशूली जलविद्युत् आयोजना, देवीघाट जलविद्युत्, माथिल्लो त्रिशूली-३ए, माथिल्लो त्रिशूली-३बी, मिडिल त्रिशूली गंगा र नुवाकोट सौर्य विद्युत् आयोजना प्रभावित सूचीमा छन् ।

नुवाकोटका प्रभावित आयोजनामा २४ मेगावाटको त्रिशूली, १४.१ मेगावाटको देवीघाट, ६० मेगावाटको माथिल्लो त्रिशूली-३ए, ३७ मेगावाटको माथिल्लो त्रिशूली-३बी, १५.६ मेगावाटको मिडिल त्रिशूली गंगा र २५ मेगावाटको नुवाकोट सौर्य विद्युत् आयोजना छन् ।

बाढीपछि आयोजनाका संरचनामा फसेका व्यक्तिको उद्धार सबैभन्दा ठूलो चुनौती बनेको छ । माथिल्लो त्रिशूली-१ को सुरुङमा मात्रै करिब ३०० जना फसेको विवरणले उद्धारको अवस्था कति जटिल छ भन्ने देखाउँछ । उनीहरूलाई बाहिर निकाल्न थप प्राविधिक जनशक्ति र उद्धार टोली परिचालन गर्नुपर्ने अवस्था देखिएको छ ।

चीनबाट उद्धार टोली आएपछि फसेकाहरूको उद्धारका लागि थप सहयोग जुट्ने अपेक्षा गरिएको छ । बाढी प्रभावित क्षेत्रमा उद्धार कार्य जारी रहेकाले सम्पर्कविहीन व्यक्तिको अवस्थाबारे थप विवरण आउने क्रममा छ । अहिले सार्वजनिक भएको तथ्यांकअनुसार भने ३६१ जनाको उद्धार भइसकेको छ भने ८९८ जना अझै सम्पर्कविहीन छन् ।

यसले भोटेकोशी बाढी केवल जलविद्युत् आयोजनाको भौतिक संरचनामा भएको क्षतिमात्र नभई आयोजना क्षेत्रमा कार्यरत सयौँ श्रमिक र कर्मचारीको जीवनसँग जोडिएको गम्भीर मानवीय संकट बनेको देखाएको छ । अबको मुख्य प्राथमिकता सम्पर्कविहीन सबैको अवस्थाबारे जानकारी लिनु र सम्भव भएसम्म सुरक्षित रूपमा उद्धार गर्नु बनेको छ ।

यस्तै बाढी प्रभावित क्षेत्रबाट उद्धार गरिएका र सम्पर्कमा आएका पर्यटकको संख्या १८७ पुगेको छ । नेपाल पर्यटन बोर्डले पछिल्लो तथ्यांक सार्वजनिक गर्दै त्यसबारे जानकारी दिएको हो । बोर्डका अनुसार १८४ पर्यटकको उद्धार भएको र ३ जना सम्पर्कमा आएका छन् । अझै ४२० पर्यटक सम्पर्कबाहिर छन् । १० भदौमा आएको बाढीका कारण रसुवागढी नाका हुँदै कैलाश मानसरोवर यात्रामा जाने धेरै पर्यटक सम्पर्कविहीन भएका थिए । बोर्डका अनुसार उद्धार गरिएकामा सबैभन्दा धेरै भारतीय ११४ जना छन् ।


» बाँकी ३ पेजमा


## साढे ६ सय बढीको शव फेला

बुटवल । शनिबार दिउँसो ४ बजेसम्म रसुवा बाढीबाट मृत्यु भएका ६६९ जनाको शव फेला परेको छ । नेपाल प्रहरीले सार्वजनिक गरेको सूचना अनुसार ६६९ जनाको शव भेटिएको हो ।

उक्त सूचना अनुसार सबैभन्दा बढी २४८ शव चितवनमा फेला परेका छन् । यस्तै, पूर्वी नवलपरासीमा १५८, पश्चिम नवलपरासीमा ७५, धादिङमा ४९, गोरखामा ५४, नुवाकोटमा ४१, तनहुँमा ३१ र रसुवामा १३ शव फेला परेका छन् । हालसम्म २ हजार ३०१ जना घाइतेको उद्धार गरिएको प्रहरीले जनाएको छ । यस्तै, हराउने प्रहरीको संख्या २७ रहेको प्रहरीको तथ्यांकमा उल्लेख छ ।

## पहिचान नखुलेका २ सय बढी शव देवघाट जंगलमा

बुटवल । भोटेकोसीमा आएको विनाशकारी बाढीपछि नारायणी नदी किनारमा फेला परेका पहिचान खुल्न नसकेका शवलाई देवघाटस्थित जंगलमा व्यवस्थापन गरिने भएको छ ।

चितवनमा हालसम्म फेला परेका २३३ शवमध्ये पाँचवटाको मात्र पहिचान खुलेको छ । पहिचान हुन नसकेका शव सड्न-गल्न थालेपछि दुर्गन्ध फैलिनुका साथै सङ्क्रमणको जोखिम बढेकाले जिल्ला सुरक्षा समितिको निर्णयअनुसार शव व्यवस्थापनको तयारी गरिएको हो ।

शव व्यवस्थापनका लागि भरतपुर महानगरपालिका-१ स्थित रामनगर-देवघाट सडकखण्ड नजिकको जङ्गलमा स्थान तयार पारिएको छ । सुरक्षाकर्मीको उपस्थितिमा दुईवटा डोजर प्रयोग गरी तीनवटा खाडल खनिएको छ । प्रत्येक खाडल करिब १.५ मिटर गहिरो रहेको छ । खाडल खन्दा जङ्गलमा रहेका सालका रुखलाई सकेसम्म जोगाइएको छ। शवलाई व्यवस्थित रूपमा राख्न एकातर्फ खुट्टा र अर्कोतर्फ टाउको पर्ने गरी व्यवस्थापन गर्ने तयारी गरिएको चितवनका प्रहरी प्रमुख एसपी रामेश्वर पौडेलले बताए ।

उनका अनुसार पहिचान नखुलेका शवलाई ब्यागमा राखेर व्यवस्थापन गरिनेछ । शव व्यवस्थापनका लागि आवश्यक ब्यागको अभाव नरहेको उनले बताए । शवलाई गाडेपछि पनि पहिचानको प्रक्रिया रोकिँदैन । प्रत्येक शवबाट डीएनए परीक्षणका लागि नमूना सङ्कलन गरी सुरक्षित राखिनेछ ।

भविष्यमा कुनै परिवारले आफ्नो आफन्त भएको दाबी गरेमा डीएनए परीक्षणमार्फत् पहिचान खुलाउन सकिने र पहिचान पुष्टि भएमा आवश्यक प्रक्रियापछि शव निकालेर परिवारलाई बुझाउन सकिने गरी व्यवस्थापन गरिने पौडेलले बताए ।

भोटेकोशीमा आएको बाढीले बगाएर ल्याएका शव नारायणी नदीको विभिन्न क्षेत्रमा भेटिएका हुन् । लामो समयसम्म शव राखिरहँदा सड्न-गल्न थालेपछि व्यवस्थापनमा समस्या देखिएको थियो ।

शवबाट दुर्गन्ध फैलिन थालेको तथा सङ्क्रमणको जोखिमसमेत बढ्न सक्ने अवस्थालाई ध्यानमा राखेर सुरक्षित र व्यवस्थित रूपमा शव व्यवस्थापन गर्न लागिएको हो । पहिचान हुन नसकेका शवको व्यवस्थापन भए पनि आफन्तको खोजी तथा पहिचानको प्रक्रिया भने निरन्तर रहने जनाइएको छ ।

## सुरुङभित्र चिनियाँ टोली परिचालन

बुटवल । बाढीका कारण प्रभावित बनेको रसुवास्थित माथिल्लो त्रिशूली ३ 'बी' जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका मानिसहरूको उद्धारका लागि चिनियाँ विज्ञ टोलीलाई परिचालन गरिएको छ ।

प्रधानमन्त्री कार्यालयले ६ जना सम्मिलित चिनियाँ विज्ञ टोली उद्धारमा खटिएको जानकारी गराएको छ ।

अत्यन्त जोखिमपूर्ण र प्राविधिक रूपमा जटिल मानिएको उद्धार कार्यलाई थप प्रभावकारी बनाउन सरकारको अनुमतिमा चिनियाँ टोली परिचालन भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ । उक्त टोली चिनियाँ हेलिकप्टरमार्फत् सोझै त्रिशूली क्षेत्रमा अवतरण गरेको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

टोलीले नेपाली सेनाको विज्ञ टोलीसँग पूर्ण समन्वय र सहकार्य गर्दै संयुक्त रूपमा उद्धारको काम सुरु गने बताइएको छ । संयुक्त टोलीले सुरुङभित्रको वस्तुस्थिति र सम्भाव्यताको प्राविधिक 'रेकी' (अनुगमन) गर्ने छ ।

प्रारम्भिक अनुगमनका आधारमा उद्धार सम्भव हुने देखिएमा चीनतर्फ रसुवा सीमा क्षेत्रमा 'स्ट्यान्डबाई' अवस्थामा राखिएका चिनियाँ विज्ञहरूलाई पनि तत्काल घटनास्थलमा बोलाइने बताइएको छ ।

# चीनले भन्यो : बाढीपहिरोको जोखिमबारे पूर्वसूचना दिएको हो



बुटवल । नेपालमा हालै आएको बाढीपहिरोको जोखिमबारे चीनले नेपाललाई पूर्वसूचना नदिएको भन्ने आरोपको चिनियाँ दूतावासले खण्डन गरेको छ ।

नेपालस्थित चिनियाँ दूतावासका प्रवक्ताले एक विज्ञप्ति जारी गर्दै चिनियाँ र अन्तर्राष्ट्रिय विज्ञहरूको अध्ययनका आधारमा हिमालय क्षेत्रमा विपद्को जोखिम अत्यन्त छरिएर रहेको र उच्च हिमाली क्षेत्रमा निरन्तर निगरानी चुनौतीपूर्ण रहेको बताएका छन् ।

दूतावासका अनुसार हिमालय क्षेत्रमा ४ हजारदेखि ५ हजार मिटर वा सोभन्दा माथिको उचाइमा ठूलो संख्यामा हिमताल तथा हिम-चट्टानका संरचना रहेका छन् । ती क्षेत्रमा नियमित स्थलगत सर्वेक्षणमार्फत् तल्लो भूभागमा जस्तो व्यापक निगरानी गर्न कठिन हुने दूतावासको भनाइ छ ।

विज्ञप्तिमा भनिएको छ-'चिनियाँ तथा अन्तर्राष्ट्रिय विज्ञहरूले गरेका अनुसन्धानका निष्कर्षअनुसार हिमालय क्षेत्रमा विपद्का जोखिम क्षेत्रहरू अत्यन्तै छरिएका छन् । ठूलो संख्यामा हिमताल तथा हिम-चट्टानका संरचनाहरू ४ हजारदेखि ५ हजार मिटर वा त्यसभन्दा माथिको उचाइमा रहेका उच्च हिमाली चिसा क्षेत्रमा अवस्थित छन् । यस्ता क्षेत्रमा नियमित स्थलगत सर्वेक्षण गर्ने जनशक्तिले न्यून उचाइका क्षेत्रमा जस्तो व्यापक निगरानी गर्न सक्दैनन् ।'

यस्तै, ठाडा भूभागमा तस्बिर तथा उपग्रहबाट गरिने निगरानीमा हुने त्रुटि र विशाल तथा जटिल भूभागमा उच्च-सटीकता निगरानी गर्नु अन्तर्राष्ट्रियस्तरमै चुनौती रहेको दूतावासले जनाएको छ । दूतावासले २५ अप्रिल २०१५ को नेपाल भूकम्पले हिमालयको दक्षिणी ढलानमा रहेका चट्टान संरचनामा समेत असर पारेको र त्यसले हिमाली चट्टान तथा भू-संरचनाको जोखिमबारे थप अनिश्चितता बढाएको उल्लेख गरेको छ ।

दूतावासले विज्ञप्तिमा भनेको छ- '२५ अप्रिल २०१५ मा नेपालमा गएको भूकम्पले हिमालयको दक्षिणी ढलानमा रहेका चट्टानी संरचनाहरूलाई प्रभावित गरेको थियो, जसका कारण हिमाली क्षेत्रमा रहेका चट्टानका संरचनाहरूको जोखिमसम्बन्धी अनिश्चितता थप बढेको छ । चिनियाँ विज्ञ टोलीहरूले उपलब्ध प्रविधिको सीमाभित्र रहेर निगरानी, मूल्यांकन र विश्लेषण गर्न सधैँ हरसम्भव प्रयास गर्दै आएका छन् र महत्वपूर्ण सूचनाहरू नेपाली पक्षसँग समयमै आदानप्रदान गर्दै आएका छन् ।'


» बाँकी ३ पेजमा





## सम्पादकीय

# पुन:स्थापनाको अवसर

भोटेकोसीमा आएको बाढीले पूर्वाधार विकासमा दुई खर्बको क्षति भएको प्रारम्भिक अनुमान छ। बाढीले १३ जलविद्युत् आयोजनामा क्षति पुऱ्याउँदा ४३० मेगावाट विद्युत् उत्पादन बन्द भएको छ। प्रारम्भिक रूपमा करिब ३० अर्ब रुपैयाँको क्षति अनुमान गरिएको छ। उद्धार र राहत वितरणको काम द्रुत अघि बढाउन ध्यान गइरहेको बेला क्षतिको विस्तृत विवरण आउन बाँकी नै छ।

यो विपत हरेक वर्षको मनसुनमा आउने बाढी र पहिरोभन्दा फरक खालको हो। यसले पुऱ्याएको क्षतिको कारण र परिणामको सुक्ष्म अध्ययन गरी योजनाबद्ध काम अघि बढाउने अवसर पनि हो। तर हरेक घटनापछि कारण र परिणाम खोज्ने, भावी योजना बढाउने तर कार्यान्वयन नगर्ने प्रवृत्तिले जोखिम बढिरहेको छ। यो बाढीले नदी किनारको बस्ती जोखिममा छन् भन्ने प्रष्ट देखाएको छ। अझ नदी किनार अतिक्रमण गरी बसेको बस्तीको जोखिम झन धेरै छ। बुटवलको तिनाउ किनारमा बसेको बस्ती जोखिममा छ भन्ने निष्कर्ष निकालेको धेरै भयो, तर यहाँको बस्तीलाई सुरक्षित ठाउँमा सार्न कुनै पहलकदमी भएको छैन, बरु लालपूर्जा दिने आश्वासन र पाउने लालसाको पासोमा जोखिम व्यवस्थापनको योजना परेको छ। २०३८ सालको भीषण बाढी भोगेका र देखेकाहरु संभावित जोखिमलाई ख्याल नगरी पूर्वाधार निर्माण गरिएको बताउँछन्। तिनाउ नदीमा पक्की पुल, जोखिमयुक्त ठाउँमा विद्यालय निर्माणलगायतका काम सरकारी निकायबाट भइरहेका छन्। २०७८ सालमा गुल्मीको ठूलो लुम्पेकमा भीषण पहिरो गयो। पहिरो गएको ठाउँमा बस्ती बस्न जोखिम रहेको भन्दै अन्यत्र बस्ती सार्नुपर्ने प्राविधिक टोलीले निष्कर्ष निकाल्यो। सरकारले अस्लेवामा पहिरो प्रभावितलाई सार्न एकीकृत बस्ती निर्माणको काम गऱ्यो तर सरकारी योजनालाई नागरिकले साथ दिएनन्। केही महिनामै जोखिमयुक्त ठाउँमा उनीहरुको नियमित दिनचर्या सुरु भयो। सरकारले अघि बढाउने योजनामा नागरिकको साथ हुनुपर्छ। जबर्जस्ती योजना अघि बढाउनेभन्दा नागरिकलाई जोखिमबारे बुझाएर काम अघि बढाउनुपर्छ।

अहिले भोटेकोसी बाढीले एउटा पाठ सिकाएको छ, जोखिमयुक्त ठाउँबाट बस्ती अन्यत्र पुनःस्थापना गर्नुपर्छ। सडक पूर्वाधारलगायतका संरचना बनाउँदा पनि जोखिमलाई ख्याल गर्नुपर्छ। जलवायु परिवर्तनको असरको विश्लेषण गरी बस्ती स्थानान्तरणदेखि सडक पूर्वाधारका आयोजना निर्माणमा पनि नीतिगत सुधार गर्न आवश्यक छ। जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा मात्रै नभई अन्यत्र पनि पार्ने भएकाले संकटको लेखाजोखा गरी अघि बढ्नुपर्छ।

# हिमालमा बढ्दो प्राकृतिक विपत्



शिवप्रसाद जैसी

हिमालमा हुने प्राकृतिक घटना पूर्णतया नियन्त्रण सम्भव छैन। प्राकृतिक घटनालाई विपत्तिमा परिणत हुन नदिन प्रकोप पूर्वानुमान र क्षति न्यूनीकरण प्रणालीको विकास गर्न भने सकिन्छ। आधुनिक विपत् व्यवस्थापनको मूलमन्त्र नै जोखिम न्यूनीकरण गर्नु हो। रसुवा घटनाले हिमाली क्षेत्रको जोखिम केवल वर्षाले मात्र हुँदैन भन्ने शिक्षा दिएको छ।

हिउँले ढाकिएका सुन्दर शृंखला पानी, जैविक विविधता, कृषि, ऊर्जा, पर्यटन र करोडौं मानिस र अन्य जीवका जीवनसँग जोडिएका प्राकृतिक प्रणाली हुन्। हिमालहरू राष्ट्रिय पहिचान, अर्थतन्त्र, वातावरणीय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा, कूटनीति, भूराजनीति र अन्तरदेशीय सम्बन्धका आधारस्तम्भ पनि हुन्। हिउँ, चट्टान र नदीको भूभागको व्यापक र अत्यन्त संवेदनशील पारिस्थितिक प्रणाली हुन्, जसले प्राणी जगत्को जीवनलाई आधार प्रदान गर्छन्। यसर्थ सम्पूर्ण पारिस्थितिक प्रणालीका संवाहक हुन्–हिमाल।

जीव जगतको जैविक आधार स्तम्भका रूपमा उभिएको हिमालयन क्षेत्रको केन्द्र भाग अर्थात् हिमालकै छानोमा अवस्थित छ- नेपाल। अहिलेसम्म यो हिमाली छानोलाई वरदानका रूपमा मात्र बुझेका छौं। अब वरदान र अभिशाप दुवै हो भन्ने कुरा मनन गर्नु आवश्यक छ। अभिशाप वरदान जस्तो निरन्तर चलिरहने प्रक्रिया पनि होइन। यो छिनभरमा आएर सम्पूर्ण वरदानलाई एकै पटकमा नामोनिसानसहित अस्तित्व मेटाएर जान्छ। पछिल्ला केही वर्षमा हिमाली क्षेत्रमा हिमताल विस्फोट, हिमपहिरो जाने, हिमनदी भत्किने, पहिरो जाने, आकस्मिक बाढी आउने, हिम चट्टानको पतन र गेग्र्यान प्रवाहले नयाँ प्रकारको जोखिम देखिन थालेको छ।

चार वटा प्रतिनिधिमूलक घटना : पछिल्ला तीन वर्ष चार वटा प्रतिनिधिमूलक घटना भएका छन्। विसं २०८१ साउन ३२ को हिमताल विस्फोटनका कारण भएको खुम्बु-थामेको घटना, २०८२ जेठ १ को हिमताल विस्फोटका कारण भएको हुम्लाको नाम्खा गाउँपालिकाको घटना, २०८२ असार २४ गते हिमताल विस्फोटका कारण रसुवाको घटना र २०८३ भदौ १० गतेको रसुवाको सोही ठाउँको हृदय विदारक घटनाले खतराको स्तर मानिसले सोचेभन्दा बढी जोखिमयुक्त भएको कुरालाई पुष्टि मात्र गर्दैन, बरु यसको संवेदनशीलता आकलन गर्न भविष्यका लागि कठोर शिक्षा पनि दिएका छन्।

हाम्रो भूगोल जति संवेदनशील छ, त्यति हामी संवेदनशील हुन नसकेका कारण हरेक पटक हामी विपत्को भुमरीमा फसिरहेका छौं। अब पनि यस्तै गरी बस्ने हो भने भविष्य अत्यन्तै भयावह छ भन्ने कुराको सङ्केत पछिल्ला यी चार घटनाले पुष्टि गरिसकेका छन्। केही समय भावुक बन्ने अनि बिर्सेर लयमा फर्कने छुट अब छैन भन्ने कुराको सङ्केत पनि हो।

हाम्रो अवस्थाबारे संवेदनशील हुन एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र ((इसिमोड) ले अध्ययन गरी तयार पारेको सूचीले सङ्केत गरेको छ। उक्त संस्थाले तयार पारेको सूची अनुसार नेपालमा तीन हजार २५२ हिमनदी र दुई हजार ३२३ हिमताल पहिचान गरेको छ। त्यसमध्ये २० वटा हिमताल जोखिमपूर्ण अवस्थामा रहेको उल्लेख गरिएको छ। यो तथ्यबाट हामीलाई सचेत बनाउन खोजिएको छ तर हाम्रो तयारी भने त्यो अनुसारको पटक्कै छैन।

**हिमपहिरोको जोखिम बढ्दै**

जलवायु परिवर्तनले तापक्रम क्रमशः बढ्दो छ। हिमाल पग्लिनका साथै हिमरेखा निरन्तर माथितिर उकालो लाग्दै छन्। हिउँ पग्लिएर हिमताल फुट्ने र हिमपहिरोको जोखिम बढ्दै जाँदा सम्पूर्ण हिमाली क्षेत्रको पनि केन्द्र भागमा अवस्थित अति संवेदनशील क्षेत्र कुनै पनि बेला अभिशापका रूपमा प्रकट हुन सक्छ भन्ने कुराको हेक्का राख्न ढिलो भइसक्यो। तिब्बत-नेपाल सीमामा भएको हालको विनाशकारी घटनाले सम्भावित जोखिमलाई अत्यन्त गम्भीर रूपमा हाम्रासामु ल्याएको छ। प्रारम्भिक विश्लेषण अनुसार हिमचट्टानको ठुलो भाग भत्किएर नदी अवरुद्ध भएपछि पानी, हिउँ र गेग्र्यानको तीव्र प्रवाह उत्पन्न भएर घटना भएको देखिन्छ।

**हिमाली क्षेत्रमा सम्भावित विपत्**

हिमाली क्षेत्रमा हुने विपत् केवल बाढी वा पहिरोको रूपमा मात्र बुझ्न पर्याप्त हुँदैन। यसमा धेरै प्राकृतिक प्रक्रिया एकअर्कासँग जोडिएका हुन्छन्। सामान्यतया हिमाली क्षेत्रमा हुने प्रमुख विपत्‌लाई यसरी उल्लेख गर्न सकिन्छ।

हिमताल विस्फोटबाट हुने बाढी : हिमाल र हिमनदी पग्लिँदै जाँदा हिमताल बन्ने र विस्तार हुने गर्छन्। यस्ता ताल हिमनदी, मोरेन वा कमजोर प्राकृतिक बाँधले थामिएका हुन्छन्। यस्ता प्राकृतिक बाँध फुटेमा एकै पटक ठुलो मात्रामा पानी तलतिर झर्छ र बाढीको रूप लिन्छ। बाढीले नदीको किनारमा अवस्थित बस्ती र हिमाली उपत्यकामा रहेका मानिस, उनीहरूको जीविकोपार्जन गर्ने आधार र पूर्वाधारमा विनाशकारी असर पार्छ।

हिमनदी वा हिमचट्टानको पतन : हिमालमा हिमचट्टान खसेर नदी थुनिएपछि अस्थायी ताल बन्न सक्छ। यसरी बनेको तालको प्राकृतिक बाँध फुट्दा पानीसँगै ठुलो मात्रामा माटो, ढुङ्गा, बरफ र गेग्र्यान तलतिर आउँछ। यसरी आउने प्रवाह सामान्य प्रवाहभन्दा धेरै शक्तिशाली, भयानक, डरलाग्दो हुन्छ र विनाशकारी रूप लिन्छ।

हिमपहिरो : हिमताल वा नदीमा ठुलो मात्रामा बरफ वा हिउँका डल्ला खस्छन्। हिमचट्टानको बलले पानी विस्थापित हुन्छ र प्राकृतिक बाँध फुट्छ। पानीको अत्यधिक मात्रा, बरफ र गेग्र्यान तलतिर बगेर आकस्मिक बाढीको रूप ग्रहण गरेर विनाश निम्त्याउँछ।

चट्टान खस्नु/पहिरो जानु : जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा स्थायी तुसारभूमि पग्लिँदा जमिन र चट्टानको स्थायित्व कमजोर भई चट्टान खसेर पतन हुने, पहिरो जाने वा हिमपहिरो गएर नदी थुनिन सक्छ र जोखिम बढेर भयावह रूप लिन सक्छ।

गेग्र्यान प्रवाह : पानीसँगै ढुङ्गा, चट्टान, माटो, बालुवा, बरफ र अन्य ठोस पदार्थ अत्यन्त तीव्र गतिमा बगेर विनाशकारी रूप धारण गरी नदी सभ्यताको विनाश गर्छ।

अन्य : भौगोलिक संरचना, वर्षा, भूकम्प, तापक्रम, हिमनदीको अवस्था, कमजोर धरातलीय चट्टान र मानवीय गतिविधि सबैको भूमिका हुन सक्छ। तसर्थ हरेक घटनाको छुट्टाछुट्टै वैज्ञानिक अध्ययन हुन आवश्यक हुन्छ।

वास्तवमा एउटा घटनाले अर्को घटना निम्त्याउन सक्छ। जस्तै : हिमपहिरोले नदी थुन्न सक्छ। नदी थुनिएर ताल बन्न सक्छ। ताल फुटेपछि गेग्र्यान बग्न सक्छ। यो प्रक्रियागत प्रवाहले तलको अर्को नदी वा संरचना थुन्न सक्छ। यसरी एउटा प्रारम्भिक घटना ठुलो विपत्मा परिणत हुन सक्छ। यसपालिको घटना यसै प्रक्रियामा आधारित छ। माथिबाट बगेको ठोस मिश्रित भेलले तलतिरका ठुला ठुला पुल र संरचना पनि एकपछि अर्को गर्दै भत्काउँदै लग्यो र महाविनाशकारी रूप धारण गरी अकल्पनीय रूपमा ठुलो धनजनको क्षति भयो। प्राकृतिक विपत्लाई पूर्णरूपमा रोक्न सकिँदैन। विपत्‌बाट हुने मानवीय र आर्थिक क्षति धेरै हदसम्म न्यूनीकरण गर्न भने सकिन्छ।

हिमताल विस्फोट पूर्णतया रोक्न सकिँदैन तर तालको पानीको स्तर घटाएर जोखिम कम गर्न सकिन्छ। विपत्बाट उत्पन्न हुने बाढीलाई रोक्न नसकिए पनि मानिसलाई समयमै सुरक्षित स्थानमा पुऱ्याउन भने सकिन्छ। केही हदसम्म आर्थिक क्षति पनि कम गर्न सकिन्छ। तसर्थ आधुनिक विपत् व्यवस्थापनको मूलमन्त्र नै प्रकोप रोक्नेभन्दा पनि जोखिम घटाउने हुनु पर्छ।

**जोखिम कम गर्ने उपाय**

हिमताल र हिमनदीको निरन्तर निगरानी : हिमाली क्षेत्रको जोखिम न्यूनीकरणका लागि हिमताल र हिमनदीको निरन्तर नियमित रूपमा अनुगमन गर्नु पर्छ। जोखिमका आधारमा अति उच्च, उच्च, मध्यम र न्यूनमा वर्गीकरण गर्नु पर्छ। स्याटेलाइट इमेज्री, ड्रोन सर्भे, जिपिएस, अटोमेटिक वाटर लेभल सेन्सर्स, वेदर स्टेसन, रिमोट सेन्सेसिङ प्रविधि प्रयोग गर्नु अनिवार्य हुन्छ।

जोखिमयुक्त तालको पानीको स्तर घटाउने : प्राविधिक रूपमा सम्भव भएसम्म जोखिमयुक्त हिमतालको पानीको सतह क्रमशः घटाउने उपाय अवलम्बन गर्नु पर्छ। पानीको स्तर घटाउन ड्रेनेज च्यानल, साइफोनिक कन्ट्रोल्ड आउटलेट वा अन्य उपयुक्त इन्जिनियरिङ विधि अपनाउन सकिन्छ। यो काम अत्यन्त जोखिमपूर्ण हुने भएकाले यस क्षेत्रका विभिन्न विषयका विज्ञको टोलीबाट गराउन आवश्यक हुन्छ। अन्तर्राष्ट्रिय अभ्यास सिक्न र प्रयोगमा ल्याउन सकिन्छ।

सीमापार पूर्वचेतावनी प्रणाली : सीमापार जोखिमको सूचना आदानप्रदान गर्न सीमापार पूर्वचेतना प्रणालीको स्थापना गरी लागु गर्नु पर्छ। विशेष गरी चीन र नेपालबिच सीमापार हिमालय पूर्वप्रकोप चेतावनी प्रणाली लागु गर्न ढिलो गर्नु हुँदैन। प्राप्त सूचना तत्काल छिटोभन्दा छिटो प्रदेश, जिल्ला र स्थानीयस्तरमा प्रवाह गर्नु पर्छ।

नदीमा स्वचालित संवेदक जडान : सीमाक्षेत्रदेखि तल्लो तटीय क्षेत्रसम्मका नदीमा बाढी तथा जलसतहको पूर्वसूचना दिन निम्न स्वचालित संवेदक (सेन्सर) जडान गर्न' पर्छ। नदीमा पानीको सतह घटबढ भएको वास्तविक समयको जानकारी लिन, नदीमा पानीको बहाबको गति र मात्रा मापन गर्न, खतराको पूर्वसङ्केत दिन र तटीय क्षेत्रका बासिन्दालाई समयमै सचेत गराउन जरुरी छ।

जोखिमयुक्त बस्ती विकास रोक्ने : जोखिमयुक्त नदी किनारमा बस्तीको विकासमा रोक लगाउनु पर्छ। हालका बस्तीलाई स्थानान्तरण गरी सुरक्षित आवासको व्यवस्था गर्नु पर्छ।

जलवायु तथा विपत्मैत्री पूर्वाधार निर्माण : हिमाली क्षेत्रमा वा नदी प्रभावित क्षेत्रमा पूर्वाधार निर्माण गर्दा सामान्य डिजाइनबाट मात्र निर्माण गर्नु पर्याप्त हुँदैन। पानी प्रवाहको सम्भावित उचाइ र बेगलाई ध्यान दिनु आवश्यक छ। त्यसै गरी विद्युत् उत्पादन र सञ्चार सेवासम्बन्धी संरचना निर्माण गर्दा पनि हिमाली भौगोलिकतालाई विशेष ध्यान दिनु आवश्यक हुन्छ।

समुदायलाई पहिलो उद्धारकर्ता बनाउने : सरकारका सुरक्षा अङ्गहरू घटनास्थल पुग्नुअघि स्थानीय मानिस नै पहिलो उद्धारकर्ता बन्नुपर्ने हुन्छ। त्यसैले प्रत्येक उच्च जोखिमयुक्त गाउँमा उद्धारका लागि समुदायमा आधारित विपत् व्यवस्थापन समूह निर्माण गरी तालिम प्रदान गर्न' पर्छ। त्यस्ता समूहको समन्वय राज्यका संयन्त्र र अन्य विपत् व्यवस्थापनमा कार्यरत संस्थासँग गराई निरन्तरको अभ्यासमा जोड दिन आवश्यक हुन्छ।

पर्यटन क्षेत्रमा विशेष सुरक्षाव्यवस्था : पर्यटन विकासका लागि हिमाली क्षेत्र महत्वपूर्ण छ। पर्यटकको विशेष सुरक्षाका लागि पर्यटन व्यवसायसँग सम्बन्धित मानिसहरू जस्तै, ट्रेकिङ गाइड, पोर्टर, माउन्टेन गाइड, उच्च हिमाली क्षेत्रमा काम गर्ने कामदार, शेर्पा, होटेल सञ्चालक, यातायात व्यवसायी र संलग्न मानिसलाई विपत् व्यवस्थापनसम्बन्धी सचेतना तालिम दिन आवश्यक हुन्छ। हरेक ट्रेकिङ मार्गमा आपत्कालीन निकास, संरक्षित क्षेत्र, सञ्चार क्षेत्र र आपत्कालीन बास निर्धारण र स्थापना गर्नु पर्छ।

वैज्ञानिक अनुसन्धान र साझा तथ्याङ्क केन्द्र : हिमाली क्षेत्रमा विपत् व्यवस्थापन अध्ययन गर्ने संस्थाबिच समन्वयात्मक ढङ्गले 'तथ्याङ्क साझेदारी' व्यवस्थालाई अझ बलियो बनाउनु पर्छ। यो क्षेत्रमा कार्य गर्ने संस्थाहरू जस्तै एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड), राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, खानी तथा भूगर्भ विभाग, जल तथा मौसम विज्ञान विभाग र विश्वविद्यालयबिच समन्वयात्मक ढङ्गले कार्य गर्ने व्यवस्था मिलाउनु पर्छ।

**निष्कर्ष**

हिमालमा हुने प्राकृतिक घटना पूर्णतया नियन्त्रण सम्भव छैन। प्राकृतिक घटनालाई विपत्तिमा परिणत हुन नदिन प्रकोप पूर्वानुमान र क्षति न्यूनीकरण प्रणालीको विकास गर्न भने सकिन्छ। आधुनिक विपत् व्यवस्थापनको मूलमन्त्र नै जोखिम न्यूनीकरण गर्नु हो। रसुवा घटनाले हिमाली क्षेत्रको जोखिम केवल वर्षाले मात्र हुँदैन भन्ने शिक्षा दिएको छ। यसको असर सयौं किलोमिटर तलसम्म पुग्न सक्छ भन्ने सूचना प्रवाह गरेको छ। तसर्थ अब नेपालले विपत्पछिको उद्धारका लागि भन्दा पनि विपत् आउनुअघि नै जोखिमको पहिचान गर्ने, नियमित निगरानी गर्ने, सूचना सम्प्रेषण गर्ने र सम्भावित विपत्मा पर्ने मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने प्रणालीको विकास गर्नु पर्छ।

खास गरी नेपाल-चीन सीमापार क्षेत्रमा हिमालयन निगरानी तथा सूचना प्रणाली स्थापना गर्न आजको पहिलो र अनिवार्य सर्त हो। यसका साथै हिमतालको जोखिम न्यूनीकरण, नदी उपत्यकाको जोखिम क्षेत्र सीमाङ्कन, विपत्मैत्री पूर्वाधार निर्माण, समुदायको तयारी र वैज्ञानिक अनुसन्धानलाई प्राथमिकता दिनु आजको आवश्यकता हो। हिमाल बचाउनु भनेको भौतिक रूपमा हिमाल, यसको दृश्य, हिउँ र हिमनदी मात्र बचाउनु होइन, हिमालबाट बग्ने पानीसँग जोडिएको सम्पूर्ण पारिस्थितिक प्रणाली, सभ्यता, अर्थतन्त्र र मानव जीवनलाई सुरक्षित राख्नु पनि हो। हिमाली क्षेत्रको विपत् रोक्न नसकिए पनि आधुनिक ज्ञान, विज्ञान, प्रविधि, पूर्वतयारी र अन्तर्राष्ट्रिय सहकार्यका माध्यमबाट विनाशकारी परिणामलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ।

गोपबाट

# खाना, भोकदेखि भावनासम्म बदलिएको भूमिका

दिनेश सुवेदी

चाडपर्व नजिकिँदै गर्दा नेपाली घर भान्साको स्वरूप बदलिन थाल्छ। किनमेलदेखि परिकारको तयारीसम्म, चाडपर्वमा खाना हाम्रो दैनिकीभन्दा विशेष बन्छ। टाढा रहेका आफन्तको सम्झना पनि खानासँगै जोडिन थाल्छ। चाडपर्वमा हामी खाना मात्र खाँदैनौं। भेटघाट गर्छौं, पाहुनाको सत्कार गर्छौं, सम्बन्ध नवीकरण गर्छौं, पुराना स्मृति फर्काउँछौं र पुस्तौंदेखि चलिआएको परम्परालाई निरन्तरता दिन्छौं। चाडपर्व र जाति-समुदाय विशेषका परिकारले यी सम्बन्ध र भावनामा थप मिठास ल्याउँछन्। साधारण अर्थमा हेर्दा खाना भोक मेटाउने वस्तु, शरीरलाई ऊर्जा दिने माध्यम र स्वास्थ्य जोगाउने आधार हो। तर खानालाई केवल पेट भर्ने र पोषण दिने दृष्टिले मात्र बुझ्दा यसको अर्थ साँघुरो हुन्छ। खाना भावना पनि हो, स्मृति पनि हो, संस्कृति पनि हो, सम्बन्ध पनि हो, सम्मान पनि हो, उत्सव पनि हो र आनन्द पनि हो।

**पेटदेखि मनसम्म : खानाको बदलिँदो अर्थ**

मानव सभ्यताको प्रारम्भिक चरणमा खाना मुख्यतः अस्तित्व रक्षाको माध्यम मात्र थियो। ढुङ्गे युगको मानिसका लागि भोजन खोज्नु भनेको भोक मेटाउनु र बाँच्नु थियो। मानिसले प्रकृतिबाट प्राप्त वनस्पति तथा जनावरजन्य स्रोत उपभोग गर्दै जीवन अघि बढायो। खानाको आवश्यकता पूरा गर्ने क्रममा मानिसले स्वाद, संरक्षण र पकाउने तरिकामा पनि निरन्तर नयाँ प्रयोग गर्दै गयो। समयसँगै उसले पकाउन, सुकाउन, किण्वन गर्न, अचार बनाउन र खाद्य पदार्थ संरक्षण गर्न सिक्यो।

यी परम्परागत अभ्यास खाद्य प्रविधिको विकाससँगै थप व्यवस्थित बन्दै गए। प्रशोधन, प्याकेजिङ, संरक्षण र ढुवानीले खाद्य पदार्थलाई लामो समयसम्म सुरक्षित राख्न, एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउन र विभिन्न स्वरूपमा उपभोग गर्न सम्भव बनायो। प्रकृतिले विविधता दियो, परम्परा र सिर्जनशीलताले त्यसलाई रूप दियो र प्रविधिले त्यसलाई विस्तार गऱ्यो।

आज एउटा ठाउँमा उत्पादन भएको खाद्य पदार्थ अर्को ठाउँमा सहजै पुग्छ।



मौसमको सीमाले खानाको उपलब्धतालाई पहिले जस्तो बाँधेर राखेको छैन। विश्वव्यापीकरण र खाद्य शृंखलाको विस्तारसँगै आज बजारमा लाखौं प्रकारका खाद्य पदार्थ उपलब्ध छन्, जसले हामीलाई आफ्नो रुचि, आवश्यकता र स्वाद अनुसार खाना छनोट गर्ने अवसर दिएको छ। यो परिवर्तन केवल स्वाद र सुविधाको कथा मात्र होइन। यसले खानाको भूमिकालाई नै विस्तार गरेको छ, र एक अर्थमा यो मानिसको रोजाइको स्वतन्त्रतासँग पनि जोडिएको छ।

समयक्रममा खानालाई केवल पेट भर्ने वस्तुका रूपमा हेर्न छाडेर पोषणका दृष्टिले बुझ्न थालियो। शरीरलाई ऊर्जा मात्र होइन, प्रोटिन, कार्बोहाइड्रेट, चिल्लो, भिटामिन, खनिज र फाइबरजस्ता तत्त्व चाहिन्छ भन्ने ज्ञान विकसित हुँदै गयो। 'हामी जे खान्छौं, त्यस्तै बन्छौं' र 'खानालाई नै औषधि बनाऊ' जस्ता अवधारणाले सचेत खाद्य व्यवहारको विकासमा प्रभाव पारे। निरोगी रहन सघाउने र स्वास्थ्यलाई टेवा पुऱ्याउने खानातर्फ आज मानिसको प्राथमिकता स्वाभाविक रुपमा बढेको छ।

तर के मानिस केवल पेट भर्न र शरीरलाई पोषण दिन मात्र खान्छ ? जवाफ सहज छ, होइन। खाद्य मनोविज्ञानका अध्ययनहरूले मानिसको भोजन व्यवहारमा पोषणसँगै स्वाद, सामाजिक सम्बन्ध, परम्परा, संस्कृति, सहजता, भावना र मनोवस्थालगायत विभिन्न पक्षले प्रभाव पार्ने देखाएका छन्। यसको अर्थ सरल छ हामी सधैं भोक लागेर मात्र खाँदैनौं। कहिलेकाहीं स्वादका लागि, कहिलेकाहीं साथीभाइसँग रमाइलो गर्ने बहानामा, कहिलेकाहीं चाडपर्वका कारण त कहिलेकाहीं मन खुसी बनाउन वा तनाव कम गर्न पनि खान्छौं। कुनै विशेष स्वादको इच्छा, पुरानो सम्झना वा मौसमी बाहनाले पनि हाम्रो खाने रहरलाई छुन्छ। यहाँ आएर खाना पेटको मात्र नभई मनको सन्तुष्टिको विषय बन्छ। त्यसैले त कहिलेकाहीं हामी भन्ने गर्छौं; पेट त अघायो तर मन अघाएको छैन।

**वाद, स्मृति र संस्कृति**

विदेशमा बस्ने कुनै नेपालीलाई अचानक गुन्द्रुकको झोल खान मन लाग्छ। कसैलाई घरमा बनाएको अचार सम्झना आउँछ। कसैलाई तिहारको सेलरोटीको स्वाद चाहिन्छ, कसैलाई ठमेलको मःमः याद आउँछ। गुन्द्रुकमा गाउँको गन्ध हुन सक्छ, अचारमा आमाको हातको स्वाद हुन सक्छ, सेलरोटीमा तिहारको बिहान लुकेको हुन सक्छ, मःमःमा साथीहरूसँग बिताएको कुनै साँझ जोडिएको हुन सक्छ। खाना खाँदा उसले वास्तवमा आफ्नोपन र आफ्नो विगत नै खोजिरहेको हुन सक्छ। कुनै स्वादले हामीलाई बाल्यकालमा पुऱ्याउन सक्छ। कुनै गन्धले पुरानो घर सम्झाउन सक्छ।

» बाँकी ३ पेजमा

# पर्यटकीय क्षेत्रको प्रवर्द्धनसँगै संरक्षणमा युवा सक्रिय



**प्रकाश डोटेल**

*स्याङ्जा*

पर्यटकीय क्षेत्रको प्रवर्द्धन, संरक्षण तथा सामाजिक सेवा र विकासमा स्थानीय युवाहरु सक्रिय भएका छन् । स्याङ्जाको चापाकोट नगरपालिकाका युवाहरु 'द राइजिङ्ग ग्रुप'मार्फत् पर्यटकीय क्षेत्रको प्रवर्द्धनसँगै संरक्षण र सामाजिक सेवा र विकासमा सक्रिय भएका हुन् ।

नगरभित्रका पर्यटकीय स्थलको पहिचान, प्रचारप्रसार, सरसफाइमा एकजुट देखिएका युवाले सामाजिक सेवाका गतिविधिहरु सञ्चालन गर्दै आएका छन् । आन्तरिक र बाह्यि पर्यटकलाई आकर्षित गर्न सक्रिय युवाले स्थानीयको आयआर्जन वृद्धिमा जोड दिँदै नियमित रुपमा पुनर्मिलन, खेलकुद, सडक सुरक्षाको मापदण्ड, र लागूऔषध विरुद्धको अभियान चलाएका छन् ।

रोजगारीको सिलसिलामा स्वदेश तथा विदेशमा रहेका युवालाई समन्वय गर्दै स्थानीय युवाले पर्यटकीय क्षेत्रको प्रवर्द्धनसँगै संरक्षणमा महत्वपूर्ण टेवा पुर्याएको चापाकोट नगरपालिका नगरप्रमुख देवबहादुर खाँण 'इश्वर'ले बताए । पर्यटन विकासका गतिविधिसँगै युवाहरुले सञ्चालन गरेका सामाजिक र मानवीय सेवा, खेलकुद, सडक सुरक्षा र लागूऔषध विरुद्ध चलाएको अभियानमा नगरपालिकाले क्षमताअनुसार सहयोग र साथ दिएको प्रमुख खाँणले जनाए ।

नगरपालिकाका पर्यटकीय स्थल आँधीघाट, दिसिङ्कोट, पिपलडाँडा, कोटकालिका मन्दिर, सेखामको मनकामना मन्दिर, रामडाँडा, साँखरको केलादीधाम, रामघाट, जामनुडाँडा, पुरकोट, रत्नपुरको मणिमुकुन्देश्वर, खोरियाघाट, उत्तरगंगा र जोगिकुटीको प्रवर्द्धन गर्दै आएका युवाले नियमित सरसफाई स्वरुप फोहोर व्यवस्थापनमा डस्बिन हस्तान्तरण गरेका छन् । मठमन्दिर, प्रतिक्षालय, पाटीपौवा, पार्क, बगैंचा र पुराना तथा ऐतिहासिक चौतारी मर्मत तथा संरक्षणमा स्थानीय तहसँगै सहकार्य गरेको राइजिङ्ग ग्रुपले जनाएको छ ।

तरकारी, फलफूल र खाद्यान्न उत्पादनमा प्रचुर सम्भावना रहेको चापाकोट उपत्यका क्षेत्रभित्र पर्यटन आकर्षणका थुप्रै स्थल रहेको ग्रुपका अध्यक्ष लालबहादुर घर्तीले जनाए । 'स्थानीयसँग सहकार्यमा पर्यटकीय स्थलको थप प्रवर्द्धन गर्न सके आन्तरिक र बाह्यि पर्यटकको आवागमनमा वृद्धि हुने थियो,' अध्यक्ष घर्तीले भने- 'पर्यटक बढेसँगै आम्दानी बढ्ने र प्याराग्लाईडिङ्ग क्षेत्रको विस्तार तथा नगरभित्रका होमस्टेको क्षमता वृद्धि गर्न सकेमात्रै रोजगारी सिर्जना गर्न सकिन्छ ।'

मानवीय सेवा र सामाजिक विकासतर्फ युवाले प्रहरीसँग हातेमालो गर्दै सडक सञ्जालभित्र नगरका प्रमुख चोक, घनाबस्ती र विद्यालय परिसरमा जेब्रा क्रसिङ्ग निर्माण, युवा तथा विद्यार्थीलाई लक्षित गरी क्लब, आमा समूह र विद्यालय तहमा लागूऔषध दुर्व्यसनीविरुद्ध अभियान चलाउँदै आएका छन् । चाडपर्व केन्द्रित उत्सव, मनोरञ्जन, साँस्कृतिक र खेलकुदका नियमित कार्यक्रम सञ्चालन गरेका युवाले टोलटोल र गाउँगाउँमा पुनर्मिलनका गतिविधिलाई निरन्तरता दिएका छन् ।

युवाहरुको साझा प्रयासमा विगत ७ वर्षदेखि पर्यटकीय स्थलको प्रवर्द्धन, संरक्षण र मानवीय र सामाजिक सेवाका गतिविधि सञ्चालन गरेको ग्रुपका सचिव तथा स्थानीय युवा गोपीकृष्ण रेग्मीले बताए । युवाले गर्दै आएका अधिकांश कामहरु सेवामुखी रहेको बताउँदै सचिव रेग्मीले आगामी दिनमा सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरी स्थानीय विकास निर्माणमा साझेदारी गरिने योजना रहेको सुनाए ।

पर्यटकीय स्थलमा सञ्चालित होम स्टे, होटल तथा रेष्टुरेण्टमा व्यापार फस्टाउँदै गएको छ भने मनोरञ्जन तथा खेलकुदका गतिविधिले आन्तरिक पर्यटकको संख्यामा वृद्धि हुँदै गएको स्थानीयले बताएका छन् । युवाहरुको प्रयासमा भएका विभिन्न कार्यक्रमले चहलपहल बढेको तथा स्थानीयको व्यापार व्यवसायमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुगेको छ ।

स्थानीय उद्योगी, व्यवसायी, रोजगारीमा बाहिर रहेका र स्थानीय युवाहरुकै सहयोगमा रचनात्मक काम गरेको ग्रुपले आफ्ना कामलाई स्थायित्व दिन कोष निर्माण अनिवार्य भएको जनाएको छ । साना र सेवामुखी कामहरु सहयोगकै भरमा चलाउन सकिने भएपनि ठुला र विकास निर्माणका कार्य गर्न कोषको आवश्यक रहेको ग्रुपको बुझाइ छ । स्थानीय सरकार र दातासँग मिलेरै कोष व्यवस्थापनको नीति लिएको ग्रुपले जनाएको छ ।

# बाढी प्रभावितलाई भलाई कोषको सहयोग

बुटवल । रसुवालगायतका जिल्लामा बाढी तथा पहिरोबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि यातायात मजदुर तथा व्यवसायी भलाई कोष, बुटवलले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा एक लाख एक हजार रुपैयाँ सहयोग गरेको छ ।

भलाई कोषले उक्त रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषको खातामा पठाएको जनाएको छ । विपद्का बेला प्रभावित नागरिकको उद्धार तथा राहतका लागि राज्यलाई सहयोग पुगोस् भन्ने उद्देश्यले कोषले आफ्नोतर्फबाट सहयोग गरेको हो ।

यातायात मजदुर तथा व्यवसायी भलाई कोषका अध्यक्ष दिनेश फुल्लेलले विपद्का बेला पीडित नागरिकलाई सहयोग गर्नु सामाजिक दायित्वसमेत भएकाले कोषले आफ्नो क्षमताअनुसार सहयोग गरेको बताए ।

"विपद् कसैलाई भनेर आउँदैन । यस्तो अवस्थामा पीडितको उद्धार र राहतमा राज्यसँगै सबै क्षेत्रको सहयोग आवश्यक हुन्छ," उनले भने- "हामीले सानो भए पनि आफ्नो तर्फबाट योगदान गरौं भन्ने उद्देश्यले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा रकम सहयोग गरेका हौं ।"

उनले यातायात क्षेत्र आफैं पनि विभिन्न प्राकृतिक विपद् तथा संकटका समयमा प्रभावित हुने भए पनि मानवीय सेवाको भावनाले कोषले विगतदेखि नै सामाजिक काममा सहभागिता जनाउँदै आएको बताए ।

भलाई कोषले यसअघि कोरोना भाइरसको संक्रमणका बेला पनि लुम्बिनी प्रदेश सरकारको कोषमा पाँच लाख रुपैयाँ सहयोग गरेको थियो । महामारीका बेला यातायात क्षेत्रका मजदुर तथा व्यवसायी स्वयं समस्यामा रहे पनि सामाजिक उत्तरदायित्वअन्तर्गत प्रदेश सरकारको कोषमा उक्त रकम सहयोग गरिएको अध्यक्ष फुल्लेलले बताए ।

"हामीले विगतमा पनि अप्ठ्यारो परिस्थितिमा राज्यलाई सहयोग गर्दै आएका छौँ । अहिले बाढीपहिरोबाट ठूलो क्षति भएको अवस्थामा पनि आफ्नो तर्फबाट सहयोग गर्नुपर्छ भन्ने महसुस भयो," उनले भने-"आगामी दिनमा पनि आवश्यकताअनुसार यस्ता सामाजिक तथा मानवीय कार्यमा कोषको सहभागिता निरन्तर रहनेछ ।"

भलाई कोष यातायात मजदुर तथा व्यवसायीको हितसँगै सामाजिक क्षेत्रमा समेत विभिन्न गतिविधिमा सहभागी हुँदै आएको छ । विपद्का बेला राहत तथा उद्धारका लागि सरकारी कोषमा सहयोग गर्नुका साथै आवश्यकताअनुसार प्रभावित समुदायलाई प्रत्यक्ष सहयोग गर्ने कार्यमा समेत यातायात क्षेत्रका संघसंस्था सहभागी हुँदै आएका छन् ।

# रक्तदानमा ४७ पोइन्ट रगत संकलन

भैरहवा । भोटेकोसी र त्रिशुलीको बाढीले निम्ताएको महाविपत्तिमा परेकाहरुको सहयोगार्थ रुपन्देही सदरमुकाम भैरहवामा रगतदान कार्यक्रम सम्पन्न भएको छ ।

क्षेत्री समाज सिद्धार्थनगर भैरहवाको आयोजनामा भएको रक्तदान कार्यक्रममा ४७ प्वाईन्ट रगत संकलन भएको आयोजक संस्थाका अध्यक्ष राजेन्द्र थापाले बताए । उनले भने-'यतिबेला देश शोकाकुल छ । यो समयमा जात, क्षेत्र र समुदाय भन्दा ठूलो मानवीयता हो ।'

अध्यक्ष थापाले रसुवा, नुवाकोट, धादिङ क्षेत्रमा ठूलो संख्यामा हाम्रा दाजुभाई, दिदी बहिनी, आमाबुबाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै बाढीले बेपत्ताको खोजिमा सबैको सक्रिय सहभागिता जरुरी रहेको बताए । उनले भने-'भोटेकोसी र त्रिशुलीको बाढीले हजारौं घरबार बगाएको छ । हजारौं हाम्रा दाजुभाइ हराइरहेका छन् । कतिपयको उद्धार भई उपचार भइरहेको छ । कतिपय उद्धारको पखाईमा छन् । यी सबैको साथमा हामी छौं । '

शनिबार बिहान बुद्धचौँक भैरहवामा आयोजना कार्यक्रममा उक्त रगत संकलन गरिएको हो । उत्तरको छिमेकी मुलुक चिनको तिब्बतमा रहेको हिमताल फुट्दा भोटेकोसी र त्रिशुलीको बहाव बढ्दा रसुवा, नुवाकोट, धादिङ्का ठूलो मानवीय तथा भौतिक क्षति भएको छ । बाढीले हजारौ मानिसहरु घाईते भएका छन् । कतिपय अहिले पनि हराईरहेका छन् । घाइते भएकाहरुको विभिन्न अस्पतालमा उपचार भइरहेको र उनीहरुकोलागि आवश्यक रगत भैरहवामा पनि संकलन गरिएको हो ।

क्षेत्री समाज सिद्धार्थनगर भैरहवाको आयोजित रक्तदान कार्यक्रमले मानवीय सेवामा महत्वपूर्ण काम गरेको रेडक्रस सोसाइटी रुपन्देहीको अध्यक्ष रामचन्द्र उपाध्ययले बताए ।

रक्तदान कार्यक्रममा क्षेत्री समाजका अगुवा, सदस्यहरु तथा अन्य जाति समुदायका व्यक्तिहरुको उल्लेख्खय सहभागिता रहेको थियो क्षेत्री समाज महिला समितिका अध्यक्ष पवित्रा पछाईले बताइन् ।

# आइएमई समूहद्वारा बाढी प्रभावितको सहयोगार्थ रु १० करोड सहयोग

बुटवल । आइएमई ग्रुपले भोटेकोसीमा आएको विनाशकारी बाढीका कारण प्रभावित नागरिकहरूको खोज, उद्धार र तत्काल राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु १० करोड सहयोग प्रदान गर्ने भएको छ ।

आइएमई ग्रुप तथा ग्रुपद्वारा प्रवर्द्धन गरिएका कम्पनी ग्लोबल आइएमई बैंक, आइएमई लिमिटेड, आइएमई लाइफ इन्स्योरेन्स, आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स, चन्द्रागिरि हिल्स, डिसहोम, आइएमई मोटर्स एवं साझेदार कम्पनी अशोक लेल्याण्ड, आइएमई खल्ती, स्विफ्ट टेक्नोलोजी, मिदास हेल्थ, माइमार्ट, लुम्बिनी केबलकार, आइएमई फाउन्डेसनलगायत अन्य कम्पनीमार्फत् सो सहयोग उपलब्ध गराइएको हो । त्यसैगरी, आइएमई ग्रुपअन्तर्गतका कम्पनीमा कार्यरत कर्मचारीका तर्फबाट पनि सबैको एक दिनको तलब बराबरको रकम उपलब्ध गराउने निर्णय भएको ग्रुपले जनाएको छ । यसै अवसरमा सहयोगस्वरूप भन्दै आइएमईले संसारभरबाट सहयोग रकम नेपाल पठाउन निःशुल्क रेमिटेन्स सुविधा उपलब्ध गराएको तथा खल्ती आइएमई मोबाइल वालेटमार्फत्समेत सरकारको कोषमा सिधै रकम निःशुल्क जम्मा गर्न सकिने व्यवस्था मिलाएको छ । सो समूहले आग प्रकाशन गरेको विज्ञप्तिमा आइएमई फाउण्डेशनको समन्वयमा थप राहत तथा जिन्सी सहयोग उपलब्ध गराउने प्रतिबद्धतासमेत गरेको छ । आइएमई ग्रुपले अकल्पनीय विपत्मा बेपत्ताको खोजी, घाइतेहरूको उपचार, प्रभावितका लागि खाद्यान्न र क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त सहयोग उपलब्ध गराउन लागेको जनाएको छ ।

सो समूहले देशका विभिन्न भूभागमा आएका भीषण बाढी, पहिरो, डुबान, भूकम्प तथा महामारीजस्ता विपद्का समयमा यसअघि पनि आर्थिक, भौतिक तथा मानवीय सहायता उपलब्ध गराउँदै आएको छ ।

# प्रधानमन्त्री दैवी प्रकोप कोषमा पाँच अर्बभन्दा बढी सङ्कलन

बुटवल । बाढी प्रभावितका लागि सरकारले सञ्चालन गरेको प्रधानमन्त्री दैवी प्रकोप कोषमा रु पाँच अर्बभन्दा बढी रकम सङ्कलन भएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका अनुसार प्रधानमन्त्री दैवी प्रकोप कोष र प्रधानमन्त्री कोषमार्फत पीडितहरूका लागि आर्थिक सहयोग जुट्नेक्रम बढेको छ ।

कार्यालयले 'उद्धार अनुरोध पोर्टल' सञ्चालन गरी यी कोषमा हालसम्म स्वदेश तथा विदेशबाट प्राप्त रकमको पूर्ण विवरण पूर्ण पारदर्शी रूपमा सार्वजनिक गरेको हो । प्रधानमन्त्री राहत कोषमा आज मध्याह्नसम्म नौ वटा वाणिज्य बैंकका खातामा पाँच अर्ब चार करोड ४६ लाख ८१ हजार ३६९ रुपैयाँ जम्मा भएको कार्यालयको भनाइ छ । यस्तै, हिमालयन र लक्ष्मी बैंकमा थप १८ लाख आठ हजार १८९ अमेरिकी डलर जम्मा भएको छ ।

विपद्को यस विषम परिस्थितिमा प्राप्त हुने सहयोगको पारदर्शी उपयोग, सही व्यवस्थापन र सम्भावित वित्तीय ठगीबाट बच्नका लागि सरकारले सार्वजनिक गरेको आधिकारिक 'क्युआरकोड' र खाताको नाम (प्रधानमन्त्री दैवी प्रकोप कोष र प्रधानमन्त्री कोष)मा मात्र आर्थिक सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ । खाताको विस्तृत विवरण प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको आधिकारिक वेबसाइटमा उपलब्ध गराइएको कार्यालयको भनाइ छ ।

**जलविद्युत** ...

यस्तै, दक्षिण कोरियाली २० जना, चीनका २७ जना, जर्मनी र माल्टाका ४/४ र अमेरिकी, इटालीका ३-३ जना छन् ।

बोर्डले पछिल्लो अवस्थाबारे जानकारी गराउँदै बाढी प्रभावित जिल्लाका केही खण्डबाहेक अन्य सडक सूचारू भएको समेत उल्लेख गरेको छ । यद्यपि यात्रामा जानुअगाडि मौसमबारे जानकारी लिनसमेत बोर्डले पर्यटकलाई सूचित गरेको छ । भारतले नेपालको भोटेकोसी बाढीपछि आफ्ना ३२० नागरिक अझै बेपत्ता रहेको जानकारी दिएको छ ।

भारतीय विदेश मन्त्रालयले सूचना जारी गरी भदौ १० गते भोटेकोसीमा आएको बाढीपछि सम्पर्कविहीन भारतीयको संख्या सार्वजनिक गरेको हो ।

मन्त्रालयका अनुसार अहिलेसम्म ८४ भारतीय नागरिकको उद्धार गरिएको छ। जसमध्ये तमिलनाडुका २१ जना शुक्रबार घर फर्किसकेका छन् । यस्तै त्रिशूली-वन परियोजनामा काम गर्ने ६३ जनाको पनि उद्धार गरिएको भारतले जनाएको छ । यसैबिच शुक्रबार १४९ भारतीय नागरिक चीनबाट सुरक्षित रूपमा नेपाल आइपुगेको भारतीय विदेश मन्त्रालयले जनाएको छ । अझै ४०० जति भारतीय चीनमै रहेको र उनीहरू सुरक्षित रहेको भारतले जनाएको छ। उनीहरूलाई फर्काउने प्रयास भइरहेको छ ।

**चीनले** ...

चिनियाँ विज्ञ टोलीहरूले उपलब्ध प्रविधिको सीमाभित्र रहेर निरन्तर निगरानी, जोखिम मूल्यांकन र विश्लेषण गर्दै आएको तथा महत्वपूर्ण सूचना नेपाली पक्षसँग समयमै साझा गर्दै आएको दूतावासको दाबी छ ।

दूतावासका अनुसार नेपाल र चीनबिच सीमापार विपद् व्यवस्थापनका विषयमा निरन्तर निकट सम्पर्क रहँदै आएको छ ।

गत मे महिनामा चीनको जलस्रोत मन्त्रालय र तिब्बत स्वायत्त क्षेत्रको जलस्रोत विभागको प्रतिनिधिमण्डलले नेपाल भ्रमण गरेको थियो ।

उक्त टोलीले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग सीमापार विपद्सम्बन्धी सूचना आदानप्रदान संयन्त्र स्थापना गर्ने विषयमा छलफल गरेको र महत्वपूर्ण प्रगति भएको दूतावासले जनाएको छ ।

त्यस्तै, अगस्टमा चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गतको पर्वतीय जोखिम तथा वातावरण संस्थानको टोलीले नेपाल भ्रमण गरी वैज्ञानिक अनुसन्धान तथा आदानप्रदान गरेको थियो । उक्त क्रममा चीनले हिमतालको निगरानीसम्बन्धी आफ्नो व्यावहारिक अनुभवसमेत नेपालसँग साझा गरेको दूतावासको भनाइ छ ।

**अगस्ट २६ मै आकस्मिक भर्चुअल बैठक**

दूतावासले अगस्ट २६ मा चीनको मौसम प्रशासनले नेपालको जल तथा मौसम विज्ञान विभागसँग आकस्मिक भर्चुअल बैठक गरेको पनि उल्लेख गरेको छ । बैठकमा विपद्को अवस्थाको मूल्यांकन गर्नुका साथै तथ्यांक आदानप्रदान गरिएको दूतावासले जनाएको छ ।

दूतावासले भनेको छ -'अगस्ट २६ मा चीनको मौसम प्रशासनले नेपालको जल तथा मौसम विज्ञान विभागसँग आकस्मिक भर्चुअल बैठक गरेको थियो । बैठकमा विपद्को अवस्थाको मूल्यांकन गर्नुका साथै तथ्यांकसमेत एकैसाथ आदानप्रदान गरिएको थियो ।'

चीनले अहिले पनि नेपालसँग जल तथा मौसमसम्बन्धी सूचना निरन्तर साझा गरिरहेको र यसमा सीमावर्ती क्षेत्रमा रहेका तालको निगरानीसम्बन्धी तथ्यांकसमेत समावेश रहेको जनाएको छ ।

चीनको मौसम प्रशासनले 'माजु' (MAZU) नामक चिनियाँ बौद्धिक मौसम पूर्वसूचना प्रणालीअन्तर्गत नेपाललाई प्रारम्भिक चरणमा अनुकूलित सेवासमेत उपलब्ध गराएको दूतावासले बताएको छ ।

यसले सीमापार विपद् व्यवस्थापनमा दुवै देशको प्रतिक्रिया क्षमता बढाउन सहयोग गर्ने उसको दाबी छ । दूतावासले यी गतिविधिले विपद् जोखिम न्यूनीकरणमा नेपालसँग सहकार्य गर्न चीनले दिएको महत्व र उसको सदाशयता देखाउने दाबी गर्दै नेपाल-चीनबिच यस क्षेत्रमा आगामी दिनमा सूचना आदानप्रदान र सहकार्य थप गहिरो हुने विश्वास व्यक्त गरेको छ ।

**खाना** ...

कुनै परिकारले आमाबुबा, गाउँ, विद्यालय वा साथीभाइसँग बिताएका क्षण पुनः जीवित बनाउन सक्छ ।

चौरासी व्यञ्जन, म्हःपूजा, जन्मोत्सव वा वार्षिकोत्सवमा काटिने केक भोक र पोषणको आवश्यकता पूरा गर्न खाइँदैन । यी परिकारले जिब्रोलाई स्वाद मात्र दिँदैनन्, मनमा हामीले बिताएका उत्कृष्ट समय र अनुभवका सम्झनासमेत जगाउँछन् । तीजको दर, दशैँको मासु, तिहारको सेलरोटी, जनैपूर्णिमाको क्वाँटी, माघे सङ्क्रान्तिको तरुल-चाकु, विवाहको कसार, असार १५ को दही-चिउरा, योमरी, लखामरी लगायतका परिकार पनि केवल पेट भर्ने खाद्य वस्तु मात्र होइनन् । यी नेपाली समाजका सामूहिक स्मृति, सम्बन्ध र सांस्कृतिक पहिचानका प्रतीक हुन् ।

यसरी खाना खुसी साट्ने र संस्कृति जोगाउने सबैभन्दा जीवन्त माध्यम मध्ये एक बन्छ । लिखित दस्ताबेज नहुँदा पनि परिकार, पकाउने विधि, खाने समय र बाँड्ने संस्कारले सांस्कृतिक इतिहासलाई पुस्तौंसम्म जोगाइराख्छ । विश्वका अन्य संस्कृतिमा पनि थ्याङ्क्सगिभिङ वा नयाँ वर्षजस्ता पर्व खानाकै वरिपरि घुम्छन् । त्यसैले खाना केवल भोक मेटाउने वस्तु होइन; यो स्वादसँगै हाम्रो स्मृति, सम्बन्ध र संस्कृति जोड्ने जीवनको महत्वपूर्ण हिस्सा हो ।

**आधुनिकता र सचेत छनोट**

आधुनिक जीवनशैलीले खानाको स्वरूपमा ठूलो परिवर्तन ल्याएको छ । व्यस्तता, रोजगारी, बसाइँसराइ र सहरीकरणका कारण मानिससँग खाना पकाउने समय कम हुँदै गएको छ । यस्तो अवस्थामा तयारी खाना, प्याकेटका खाद्य पदार्थ र बाहिरको भोजनले सुविधा प्रदान गर्छन् ।

सुविधालाई पूर्णरूपमा अस्वीकार गरेर मात्र समस्या समाधान हुँदैन । तर सुविधा र स्वादका कारण प्रशोधित खाद्य पदार्थलाई दैनिक आहारको आधार बनाउनु पनि बुद्धिमानी होइन । 'प्रशोधित' शब्द आफैँमा 'अस्वस्थ' को पर्याय होइन । प्रश्न त्यसको छनोट, त्यसमा प्रयोग भएका सामग्री, नुन, चिनी र चिल्लोको मात्रा, पोषण संरचना, र समग्र आहारमा रहेकोको स्थानको हो ।

हुनत आफ्नो खाद्य व्यवहार कस्तो बनाउने भन्ने कुरा नितान्त व्यक्तिगत हो। हरेक व्यक्तिको स्वाद, स्वास्थ्य अवस्था, शरीरको आवश्यकता, आर्थिक क्षमता र जीवनशैली फरक हुन्छ । त्यसैले सबैका लागि एउटै खाद्य व्यवहारको आदेश दिनुभन्दा सही सूचना र सचेत छनोटको चेतना विस्तार जरुरि छ । तर स्वतन्त्र छनोटको अर्थ मनमौजी छनौट होइन । बरु उपलब्ध विकल्पमध्ये आफूलाई उपयुक्त खाना बुझेर रोज्न सक्ने क्षमता हो । यसका लागि उपभोक्तालाई अनावश्यक डर देखाउनेभन्दा खाद्य पदार्थ, पोषण र सन्तुलित आहारबारे स्पष्ट ज्ञान दिन आवश्यक छ ।

कुनै पनि खाद्य पदार्थलाई निरपेक्ष रूपमा असल वा खराब भनेर छुट्याउन मिल्दैन । सबै खाद्य पदार्थ हरेक अवस्थामा सन्तुलित र गुणकारी हुँदैनन्, न त सबै खाना पेटको भोक मेटाउन वा पोषण पूरा गर्नकै लागि तयार गरिएका हुन्छन् । कतिपय खाद्य पदार्थ विशेष प्रयोजन, स्वाद, मनोरञ्जन वा कुनै खास अवसरका लागि प्रयोग गरिन्छन् । बालबालिकाले खुब रुचाउने कटन क्यान्डीलाई नै हेरौं; यसको मुख्य आकर्षण पोषणभन्दा स्वाद, बनावट र मनोरञ्जनसँग जोडिएको हुन्छ । त्यसैगरी, जन्मदिनमा काटिने केक पनि दैनिक पोषणको स्रोतका रूपमा भन्दा उत्सव र खुसी साट्ने माध्यमका रूपमा प्रयोग गरिन्छ । हरेक खाद्य पदार्थ सबैका लागि र सबै अवस्थामा उपयुक्त हुँदैन । परम्परागत होस् या आधुनिक खाद्य प्रवृत्ति, विवेकहीन रूपमा पछ्याउने वा पूर्वाग्रहका साथ अस्वीकार गर्ने दुवै अतिवादबाट जोगिनु नै सचेत खाद्य व्यवहार हो ।

**अन्तिम स्वाद**

मानव सभ्यताको खाद्य यात्रा हेर्दा केवल खाद्य पदार्थ मात्र बदलिएको होइन, खानाको भूमिका पनि बदलिएको र विस्तारित बनेको छ । भोकबाट पोषण, पोषणबाट स्वास्थ्य, स्वास्थ्यबाट स्वाद, स्वादबाट भावना, र भावनाबाट संस्कृति र उत्सवसम्म आइपुगेको यो यात्रा अझै जारी छ ।

खाना पेटमा जान्छ, तर यसको अर्थ त्यसभन्दा धेरै पर पुग्छ । यसले शरीर निर्माण गर्छ, तर मन पनि छुन्छ । यसले भोक मेटाउँछ, साथै सम्बन्ध पनि जोड्छ । यसले स्वास्थ्यमा योगदान गर्छ, सँगै स्मृति पनि बनाउँछ । खानाले चाडलाई स्वाद दिन्छ र संस्कृतिलाई निरन्तरता दिन्छ ।

त्यसैले कहिलेकाहीं प्रश्न 'हामी के खान्छौं ?' भन्दा पनि 'हामीले खानामा के खोजिरहेका छौं ?' भन्ने बन्दो रहेछ । कतिपय अवस्थामा मानिस खाना खाएर मात्र बाँच्दैन; ऊ खाना बाँडेर बाँच्छ, खाना सम्झेर बाँच्छ, र खानासँग जोडिएका मानिस, ठाउँ र स्मृतिमा पनि बाँच्छ । यसरी सदियौंदेखि स्वाद मनोरञ्जन, उल्लास, सम्मान र मानवीय भावनाको अभिव्यक्ति बनेको छ ।

(सुवेदी नेपाल सरकारका खाद्य अनुसन्धान अधिकृत हुन्)

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# लोककल्याणकारी विज्ञापनको रकम कटौती नगर्न पत्रकार महासंघको माग

बुटवल । नेपाल पत्रकार महासंघले मोफसलबाट प्रकाशित पत्रपत्रिकाले पाउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम आधा कटौती गर्ने गरी सरकारले कार्यविधि संशोधन गरेको भन्दै तत्काल निर्णय फिर्ता लिन माग गरेको छ।

महासंघले भदौ ५ गते सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले स्वीकृत गरेको 'छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३'ले मोफसलका पत्रपत्रिकाले पाउँदै आएको विज्ञापन रकममा भारी कटौती गरेको जनाएको हो।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत् लोककल्याणकारी विज्ञापनको कुल रकम वृद्धि गरेको अवस्थामा त्यससँग बाझिने गरी कार्यविधि संशोधन गर्नु सञ्चारमाध्यमप्रति सरकारको अनुदार व्यवहार भएको उल्लेख छ।

महासंघले स्थानीय, प्रदेश र राष्ट्रिय सञ्चारमाध्यमलाई आर्थिक रूपमा धराशायी बनाउने निर्णय तत्काल फिर्ता लिन माग गरेको छ । सरोकारवालासँग सामान्य छलफलसमेत नगरी सञ्चारमाध्यमको भविष्य प्रभावित पार्ने गरी गरिएको निर्णय निन्दनीय भएको महासंघको भनाइ छ।

महासंघले पहिलेकै दर कायम गर्न र अनलाइन सञ्चारमाध्यमलाई समेत लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने व्यवस्था गर्न सरकारसँग माग गरेको छ।

माग तत्काल सम्बोधन नभए सरकारी निर्णयविरुद्ध देशव्यापी आन्दोलनमा उत्रने चेतावनी८८ महासंघले दिएको छ।

# पीडामा पनि संस्कृति र सभ्यताको जगेर्ना गर्दै नेवार समुदाय



अर्घाखाँची । नेवार समुदायको मौलिक तथा ऐतिहासिक पर्वका रूपमा रहेको गाईजात्रा अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका-४ केरुङ्गाको हटियामा पनि परम्परागत रूपमा मनाइएको छ । परिवारमा दिवंगत भएका सदस्यको सम्झनामा गाईजात्रा निकाल्ने नेवार समुदायको परम्परालाई निरन्तरता दिँदै स्थानीय नेवार समुदायले विभिन्न सांस्कृतिक झाँकीसहित गाईजात्रा निकालेका हुन्।

नेवार समुदायमा गाईजात्रा केवल मनोरञ्जनका लागि मनाइने पर्व नभई दिवंगत आफन्तको सम्झना, दुःख व्यक्त गर्ने माध्यम र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको मौलिक संस्कृतिको संरक्षण गर्ने महत्वपूर्ण अवसरका रूपमा लिइन्छ । परिवारमा वर्षभरिमा मृत्यु भएका सदस्यको सम्झनामा गाईजात्रा निकाल्ने परम्परा रहिआएको छ। यही परम्पराअनुसार केरुङ्गाको हटियामा पनि दिवंगत आफन्तको सम्झनामा गाईजात्रा निकालिएको हो।

गाईजात्राका क्रममा दिवंगत व्यक्तिको सम्झनामा परिवार तथा आफन्तजन सहभागी हुने गरेका छन्। परम्परागत पहिरन, बाजागाजा र सांस्कृतिक गतिविधिसहित निकालिने गाईजात्राले स्थानीय क्षेत्रमा नेवार समुदायको मौलिक संस्कृति र पहिचानलाई समेत उजागर गर्ने गरेको छ।

केरुङ्गाको हटियामा निकालिएको गाईजात्रामा स्थानीय नेवार समुदायका अगुवा तथा ज्येष्ठ सदस्यहरूको पनि सहभागिता रहेको थियो । गाईजात्राको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका विषयमा स्थानीय नेवार समुदायका अग्रज कृष्ण श्रेष्ठले जानकारी दिए । उनले नेवार समुदायमा गाईजात्राको छुट्टै महत्व रहेको बताउँदै परिवारमा कसैको निधन भएपछि दिवंगत व्यक्तिको सम्झनामा गाईजात्रा निकाल्ने परम्परा पुस्तौँदेखि चलिआएको उल्लेख गरे।

उनका अनुसार गाईजात्रा दुःखलाई सामूहिक रूपमा स्वीकार गर्दै दिवंगत आफन्तको सम्झना गर्ने एउटा महत्वपूर्ण सांस्कृतिक अवसर पनि हो। यसले परिवारमा परेको दुःखलाई समुदायसँग जोड्ने र मृतकको सम्झनालाई सम्मान गर्ने काम गर्दछ। बदलिँदो समयसँगै जीवनशैलीमा परिवर्तन आए पनि यस्ता मौलिक परम्परालाई संरक्षण गर्दै नयाँ पुस्तालाई यसको महत्व बुझाउन आवश्यक रहेको उनको भनाइ थियो।

स्थानीय नेवारी समुदायका कृष्णप्रसाद श्रेष्ठले पनि आफ्नो मौलिक परम्परा, संस्कार र संस्कृति जोगाउन गाईजात्रा मनाइएको बताए। उनले पछिल्लो समय नयाँ पुस्तामा मौलिक संस्कृति र परम्पराप्रतिको चासो घट्दै गएको अवस्थामा यस्ता पर्वले आफ्नो पहिचान र संस्कृतिलाई जीवन्त राख्न महत्वपूर्ण भूमिका खेल्ने बताए।

श्रेष्ठका अनुसार गाईजात्रा नेवार समुदायको पहिचानसँग जोडिएको पर्व भएकाले यसको संरक्षण सबैको साझा दायित्व हो । परम्परालाई केवल एक पुस्ताले मात्र धान्ने नभई नयाँ पुस्तालाई पनि सहभागी गराएर यसको महत्व बुझाउन सकेमा संस्कृतिले निरन्तरता पाउने उनको भनाइ थियो।

त्यस्तै स्थानीय दिपक श्रेष्ठलगायतले पनि गाईजात्रा नेवार समुदायको महत्वपूर्ण सांस्कृतिक पर्व भएको बताउँदै आफ्नो परम्परा र संस्कृतिको संरक्षणका लागि निरन्तरता दिनुपर्नेमा जोड दिए । उनीहरूले स्थानीयस्तरमा मनाइने यस्ता सांस्कृतिक पर्वले समुदायबीचको आपसी सम्बन्धलाई समेत थप बलियो बनाउने बताए।

गाईजात्राका अवसरमा दिवंगत भएका आफन्तको सम्झनामा परिवारका सदस्यहरू सहभागी हुँदा वातावरण भावुक बनेको थियो। एकातर्फ आफन्त गुमाउनुको पीडा र अर्कोतर्फ पुस्तौँदेखि चलिआएको सांस्कृतिक परम्परा धान्नुपर्ने जिम्मेवारीका बिच गाईजात्रा निकालिएको स्थानीयको भनाइ छ।

नेपालका विभिन्न स्थानमा बसोबास गर्ने नेवार समुदायले आ-आफ्नो स्थानीय परम्परा र संस्कृतिअनुसार गाईजात्रा मनाउने गरेका छन् । विशेषगरी परिवारमा वर्षभरिमा मृत्यु भएका सदस्यको सम्झनामा गाईजात्रा निकाल्ने परम्पराले दिवंगत व्यक्तिको सम्झनालाई जीवित राख्नुका साथै दुःखमा रहेका परिवारलाई समुदायको साथ र सहानुभूति प्रदान गर्ने सामाजिक भूमिका समेत निर्वाह गर्दै आएको छ।

केरुङ्गाको हटियामा निकालिएको गाईजात्राले पनि स्थानीय नेवार समुदायको मौलिक संस्कृति, परम्परा र सामाजिक एकतालाई झल्काएको छ । आधुनिकताको प्रभाव बढ्दै गएको अवस्थामा पनि आफ्ना पुर्खाले धान्दै आएको संस्कारलाई निरन्तरता दिँदै स्थानीय समुदायले गाईजात्रा मनाएर मौलिक संस्कृति संरक्षणको सन्देश दिएका छन्।

स्थानीय बासिन्दाका अनुसार यस्ता पर्वहरूलाई निरन्तरता दिन सकेमा केरुङ्गाको मौलिक सांस्कृतिक पहिचान संरक्षण हुनुका साथै नयाँ पुस्ताले आफ्ना पुर्खाको संस्कृति र परम्पराबारे जान्ने अवसर पाउनेछन् । त्यसैले गाईजात्रालाई केवल पर्वका रूपमा नभई इतिहास, संस्कार, सामाजिक सम्बन्ध र सांस्कृतिक पहिचानसँग जोडिएको महत्वपूर्ण परम्पराका रूपमा लिनुपर्ने स्थानीयको भनाइ छ।

यसरी छत्रदेव गाउँपालिका-४ केरुङ्गाको हटियामा निकालिएको गाईजात्राले दुःख र शोकका बिच पनि आफ्नो मौलिक संस्कार, संस्कृति र परम्परालाई निरन्तरता दिन सकिन्छ भन्ने सन्देश दिएको छ। दिवंगत आफन्तको सम्झनालाई सम्मान गर्दै निकालिएको गाईजात्रा स्थानीय नेवार समुदायका लागि भावनात्मक र सांस्कृतिक रूपमा महत्वपूर्ण बनेको छ।

# पाल्पामा थरिथरिका गाईजात्रा

कृष्ण पोखरेल
*पाल्पा*



तानसेनसहित पाल्पाका विभिन्न नेवारी बस्तीहरुमा गाईजात्रा निकालिएको छ । एक वर्षभित्र दिवंगत भएका परिवारका सदस्यहरुको संम्झनामा गाईजात्रा निकाल्ने परम्परा रहेको छ। विशेषगरी नेवारी समुदायमा गाईजात्रा परम्परा चलन चल्तीमा रहेको पाइन्छ।

नेवार समुदायको बसोबास रहेको तानसेन, हार्थोक, ताहुँ भैरवस्थान, पेलावास, रिडीलगायतका क्षेत्रमा परम्परागत रुपमा गाईजात्रा निकालिएको छ। नेवारी समुदायमा गाईजात्रा मनाउने विभिन्न मान्यता रहेको पाइन्छ। पाल्पामा कसैले धार्मिक परम्परा अनुसार गाईजात्रा मनाउने गर्दछन् भने केही समुदायमा भने मनोरञ्जनको लागि गाईजात्रा मनाउने गरिएको छ । विगतमा मनोरञ्जनका कुनै आधुनिक साधन र प्रविधि नहुँदा विभिन्न किसिमका जात्राहरु नै मनोरञ्जनका साधनका रुपमा परिचित रहेका थिए। गाईजात्रालाई मृत्यु गणनाको दिनको रुपमा पनि लिने गरिन्छ। राजा प्रताप मल्लको छोराको मृत्यु भएपछि रानीले शोक गरिरहेको समयमा अन्य मानिसहरु को मृत्यु भइरहेको छ भनेर रानीलाई सम्झाउन, वर्षभरीमा मृत्यु गणनाको रेकर्ड राख्न गाईजात्रा निकाल्ने परम्पराको सुरुवात भएको र आजकल नेवारी समुदायको सिको गरी अन्य समुदायले पनि गाईजात्रा मनाउँदै आएको संस्कृतिविद निर्मल श्रेष्ठले बताए।

मृतकको घरपरिवार बाट गाईजात्रा निकाल्दा मृतक व्यक्तिको स्वर्गमा बास हुने मान्यता रहेको छ। गाईजात्राको दिन यमलोकको ढोका खुल्ने भएकोले मृतकको नाममा जनै पूर्णिमाको भोली पल्ट गाईजात्रा निकाल्ने चलन रहेको छ। घरपरिवारबाट मृतकको नाममा राधा कृष्ण तथा विभिन्न भगवानका रुप बनाएर मानिसलाई सिंगार पटार गर्ने, निगुर्ण भजन, कृर्तन गर्दै, मृतकको फोटो देखाउदै आफन्त, ईष्टमित्र, साथीभाइको साथमा तानसेनमा गाईजात्रा निकालिएको हो । आर्थिक अवस्था कमजोर भएका घर परिवारबाट भने छोराहरु जोगीको रुप धारण गरेर भिक्षा माग्ने, कसैले सक्कली गाईलाई डोर्‍याएर हिंड्ने, कसैले काम्ले गाई, बासा, ताहमचा, बनाएर गाईजात्रामा पदर्शन गर्दै आएका छन्।

मानिसको बसाईसराइसँगै परम्परागत कला संस्कृति पनि हराउँदै गएका छन्। नेवारी समुदाय तानसेनबाट विस्थापित हुँदै जाँदा परम्परागत कला संस्कृतिमा पनि कमि आएको छ। विभिन्न बहाना तथा अत्याधिक खर्चको कारण गाईजात्रा विगतका वर्षहरुमा जस्तो चहल, पहल, भिडभाड र रौनक हराउँदै जान थालेपछि नेवा गुठी तानसेन पाल्पाले संयुक्त रुपमा गाईजात्रा निकालेको छ । नेवारी समुदायको परम्परा संस्कृति बचाउन, खर्चलाई लाई व्यवस्थित गर्न गर्न सामूहिक रुपमा गाईजात्रा निकालिएको नेवा गुठी तानसेनका अध्यक्ष प्रकाशनाथ गङ्गोलले बताए।

तानसेनमा निकालिने सबै जात्राहरु पाल्पा दरवारमा पुर्‍याउने परम्परा रहेको छ । पाल्पा दरबार तत्कालिन समयमा पश्चिम क्षेत्रको प्रशासनिक केन्द्र रहेकोले तानसेनबाट निकालिने हरेक किसिमको जात्रा दरवारमा पुर्‍याउने परम्परा रहेको हो। गाईजात्रा लिएर दरबारमा पुग्नेहरुलाई सर्वसाधारणहरुले मिठाई, पानी, फलफूल, दूध खुवाएका छन्।

सरकारले तानसेन नगरलाई सांस्कृतिक नगरको रुपमा मान्यता दिएको छ । तानसेनमा अधिकाश कला संस्कृति नेवारी र मगरी भेषभुषामा आधारित रहेका छन् । स्थानीय कला संस्कृति जोगाउन, बजार चहल पहल बढाउन नै तानसेन नगरपालिकाले गाईजात्रालाई प्रमुख पर्वको रुपमा मनाउने गरिन्छ। स्थानीय कला संस्कृति जोगाउन, संरक्षण गर्न स्थानीय सरकारको प्रमुख भूमिका र जिम्मेवारी रहन्छ।

# प्रधानमन्त्रीलाई कांग्रेसको ९ बुँदे ध्यानाकषर्णपत्र




बुटवल। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले प्रधानमन्त्री बालेन शाहसँग भेट गरेका छन् । प्रधानमन्त्री कार्यालय सिंहदरबारमा पुगेर आङ्देम्बेले प्रधानमन्त्री बालेनसँग भेट गरेका हुन्।

करिब आधा घण्टा भएको छलफलमा आङ्देम्बेले प्रधानमन्त्रीलाई उद्धार र राहतका लागि ९ बुँदे ध्यानाकषर्णपत्रसमेत बुझाए। उनले प्रधानमन्त्रीलाई स्थानीय तहसँग समन्वय गरेर उद्धार र राहतलाई तिव्रता दिन समेत आग्रह गरे। प्रभावित क्षेत्र पुगेका आङदेम्बेले शुक्रबार गृहमन्त्री सुधन गुरुङलाई पनि भेटेका थिए।

प्रधानमन्त्रीलाई बुझाएको ध्यानाकर्षण पत्रमा भनिएको छ, हवाई उद्धारलाई थप प्रभावकारी बनाइयोस्। नेपाली सेनाले गरिरहेको उद्धार कार्य सराहनीय छ। तर, रसुवा र नुवाकोटका लागि छुट्टाछुट्टै हेलिकोप्टर उद्धार युनिट बनाएर परिचालन गरियोस्।

रसुवा, नुवाकोट र धादिङका अवरुद्ध सडक सफा गरी आवागमन सुचारु गर्न र क्षतिग्रस्त १९ भन्दा बढी पुलमध्ये तत्काल कम्तीमा ७ स्थानमा बेलीब्रिज जडान गर्न माग गरेका छन्।

अवरुद्ध विद्युत् तथा टेलिफोन सेवा सञ्चालन गरी उद्धार, राहत र समन्वयलाई सहज बनाउन, बेपत्ताको खोजी र शव व्यवस्थापन तीव्र पार्न आग्रह गरेका छन् । बाढीले बगाएर ल्याएका शवहरू यत्रतत्र रहेकाले स्थलगत खोज तथा उद्धार टोली परिचालन गरी बेपत्ताको खोजी, शव पहिचान र उचित व्यवस्थापन गर्न समेत माग गरेका छन्।

उद्धार गरिएका नागरिकको यातायात व्यवस्था गरी आवश्यकताअनुसार काठमाडौंसम्म पुर्‍याउने यातायातको व्यवस्था गर्न, घाइते तथा ज्येष्ठ नागरिकको उपचारमा विशेष ध्यान दिने आग्रह गरेका छन्। पत्रमा भनिएको छ- 'स्थानीय तहसँग प्रभावकारी समन्वय गरियोस्। उद्धार तथा राहतमा स्थानीय सरकारसँग सङ्घीय सरकारले आवश्यक समन्वय र सहकार्य बढाओस् । राहत वितरणमा सहयोग गर्न चाहने सामाजिक सङ्घसंस्थालाई समेत सहजीकरण गरियोस्।' अन्तर्राष्ट्रिय उद्धार टोलीलाई परिचालनको अनुमति दिन समेत माग गरेका छन्।

उनले भनेका छन्-'सुरुङ, भग्नावशेष वा अन्य स्थानमा नागरिक फसेको सम्भावना रहेकाले उनीहरूको जीवितै उद्धारका लागि आवश्यकताअनुसार अन्तर्राष्ट्रिय उद्धारकर्ता तथा विशेषज्ञको सहयोग लिइयोस्।' त्रिशूलीलगायत नदी क्षेत्रमा तुइनको शीघ्र व्यवस्था गर्न र विपद्को कठिन घडीमा नागरिकको जीवन रक्षा सर्वोच्च प्राथमिकता राखी उद्धार, राहत र पुनः स्थापनाका कार्यलाई तीव्र बनाउन ध्यानाकर्षण गराए।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




## नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिद्धार्थनगर, रूपन्देही

## प्रमाणित गरिएको सम्बन्धमा

**श्री जो जससँग सम्बन्ध छ।**

मितिः २०८३/०५/१४
ने.सं.:-११४६

जिल्ला रुपन्देही तिलोत्तमा नगरपालिका वडा नं. ०४ बस्ने नर कुमारी मल्लले आफ्नो पति भारतीय सेना भू.पु. सै.नं. ५८४११४२ एच हवल्दार पदको पेन्सनर विजय मल्ल भन्ने विजय बहादुर मल्ल रहेकोमा निजको पत्नी आफुले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर नर कुमारी मल्ल र जन्ममिति वि.सं. २०१८/१२/१० (ई.सं. २३-०३-१९६२) उल्लेख भएको र पेन्सन अभिलेखमा आफु पत्नीको नामथर नम कुमारी मल्ल र जन्ममिति ई.सं. १७-१०-१९६० उल्लेख भई नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित तिलोत्तमा नगरपालिका ०४ नं. वडा कार्यालयको च.नं. ३७६ मिति २०८३/०४/२९ को सिफारिस पत्रबाट समेत लेखि आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको छ।



**विश्व प्रकाश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com